




# हाना सिंगर सानो छँदा: 'स्कुलमा पहिलो दिन साह्रै डराएकी थिएँ'

Like 0 Tweet 0 0 1

कान्तिपुर संवाददाता



काठमाडौं, श्रावण १९ -
हाना सिंगर संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)की नेपाल प्रतिनिधि हुन् । युनिसेफ बालबालिकाका क्षेत्रमा काम गर्ने संयुक्त राष्ट्रसंघको एउटा निकाय हो । एक वर्षभन्दा बढी समयदेखि नेपालमा कार्यरत हाना इजिप्टको राजधानी कायरोमा जन्मिएकी हुन् । सैनिक पिता र वकिल माताका चार सन्तानमध्येकी हाना जेठी छोरी हुन् । उनी राजनीतिक समाजशास्त्र विषयकी ज्ञाता हुन् । संयुक्त राष्ट्रसंघका लागि काम गर्नुअघि उनी कायरोको विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा प्राध्यापन गर्थिन् । उनले युरोप, अपि|mका र एसियाका विभिन्न मिसनमा काम गरेकी छन् । नेपाल आउनुअघि उनले काजकस्तान, अजरबैजान लगायतका देशमा युनिसेफ प्रतिनिधिका रुपमा काम गरेकी थिइन् । मुसलमान परिवारमा जन्मेकी भए पनि उनको स्कुले शिक्षा क्रिस्चियन स्कुलमा भयो । कोपिलासँगको कुराकानीमा उनले आफ्नो बाल्यकाल यसरी सम्भिmइन्:

मेरो बाल्यकाल उतिबेलाका आम इजिप्टेली बालबालिकाको भन्दा विशिष्ट ढंगले बित्यो । बुवा र आमाको स्वभाव, उहाँहरुको कामको भिन्नता र हुर्काइको ढाँचाले गर्दा पनि त्यस्तो भएको हुँदो हो । आमा वकिल र अभियन्ता हुनुहुन्थ्यो । मेरी आमा इजिप्टको पहिलो पुस्ताको वकिलमध्येमै पर्नुहुन्थ्यो । बुवाचाहिँ सेनामा कर्णेल । बुवाले सेनामा छँदै अन्तर्राष्ट्रिय कानुन विषयमा पीएचडी गर्नुभएको थियो । यस हिसाबले म अति विद्वान् परिवारमा जन्में । अरूका तुलनामा बुवा उदार हुनुहुन्थ्यो । तर मुसलमान परिवार भएको र उहाँ सेनामा भएकोले हामी एकदमै धेरै स्वतन्त्रचाहिँ थिएनौं । खुब अनुशासनमा बस्नुपथ्र्यो । अनुशासनलाई मुसलमान परिवारमा धेरै महत्त्व दिइन्छ ।

अति सानो छँदा बुवाले हामीलाई काखमा लिएरै माया दर्साउने गर्नुहुन्थ्यो । आमा कामै व्यस्त । त्यतिबेलाको इजिप्टेली समाज अहिलेजस्तो महिलाका मुद्दामा संवेदनशील भइसकेको थिएन । जम्मा चालीस दिनको मात्रै प्रसूति बिदा पाइन्थ्यो रे । त्यसैले हामी बालबच्चा चालीस दिनका भएपछि आमा हामीलाई घरमा छाडेर काममा जानुहुन्थ्यो । त्यसैले एउटा खास उमेरसम्म आमासँग हाम्रो एकखाले दूरी रह्यो । तर फेरि एउटा समयमा आएर उहाँले हामीलाई साथीको जस्तो व्यवहार गर्नुभयो । म आफ्नी आमालाई सर्वोत्कृष्ट आमा भन्छु । उहाँले एउटा युरोपेली बच्चालाई जसरी हामीलाई हुर्काउनुभयो ।

त्यतिबेला पनि इजिप्टमा सबैलाई शिक्षाको प्रबन्ध थियो । राम्रा डे-केयर सेन्टरहरू थिए । धेरै सुविधा पाइन्थेन । तर आधारभूत सुविधाबाट कोही वञ्चित थिएन । सानो बेलाको सबै कुरा अहिले सम्भिmन अति गाह्रो छ । धेरै वर्षअघिका कुरा हुन् ती । तर पनि केही घटनाहरूचाहिँ म कहिल्यै बिर्सन सक्दिनँ । जस्तो कि डे-केयर सेन्टरको मेरो पहिलो दिन ।

प|mान्सेली प्रि-स्कुल थियो त्यो । आफ्नो घरबाहिरको समाज सायद मैले पहिलोपटक देखेको थिए होला । मैले त्यति धेरै मानिस त्यसअघि देखेको पनि थिइनँ । मजस्ता अरू सबैको हालत त्यस्तै

थियो । क्रिस्चियन सिस्टरहरूले लगाउने ड्रेस पनि हामीले पहिलोपटक देखेका थियौं । त्यस्तो लुगा लगाएका मानिस देखेर होला, मलाई साह्रै डर लागेको थियो । मेरा अरू साथीहरू त रोएका पनि थिए । मचाहिँ रोइनँ ।

Today's Paper




The Kantipur in Print
FROM THE PAST 7 DAYS
August 2013

| Su | Mo | Tu | We | Th | Fr | Sa |
|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 |
| 4 | 5 | 6 | | | | |

ENTER KEYWORD OR DATE
Go
e.g. 2001-04-01 (yyyy-mm-dd)

अविन

कुकुर त पालिन कुखुरा पालुँला र ?... यस्सो सुरक्षाको लागि राख्या हो क्या !

पछिचाहिँ त्यहाँ रमाइलो लाग्न थाल्यो । हामीलाई धेरै गीत गाउन सिकाइन्थ्यो । कागजका रंगीचंगी स्कर्ट लगाउँथ्यौं । मलाई त्यसपछि चाहिँ स्कुलमा डर लागेन ।

त्यहाँ मैले एक वर्ष मात्रै बिताएँ । अर्को साल म सेन्ट जोसेफ भन्ने अंग्रेजी स्कुलमा भर्ना भएँ । क्याथोलिक पादरीहरूले चलाएको स्कुल थियो त्यो । त्यहाँ साह्रै कडा नियम थियो । स्कुलमा अरविक बोल्न मनाही थियो । अंग्रेजी मात्रै बोल्न पाइन्थ्यो । केही गरी अरेविक बोलिइहाल्यो भने फाइन तिर्नुपथ्र्यो । केही समयपछि मलाई यो स्कुल पनि रमाइलो लाग्यो । यहाँ पनि हामी धेरै गीत गाउँथ्यौं । राष्ट्रिय गीत गाएपछि हामी प्रार्थना गथ्र्यौं । त्यो प्रार्थना मलाई धार्मिकजस्तो लाग्दैनथ्यो । त्यसले धेरैजति नैतिकताको कुरा सिकाउँथ्यो । मुस्लिम परिवारबाट आएकी भए पनि हामीलाई त्यस्तो प्रार्थना रमाइलो लाग्थ्यो ।

त्यतिबेलाको अर्को कुरा पनि म सम्झिमन्छु । नेपालमा धेरैजति स्कुलमा शनिबार एक दिन मात्र बिदा हुन्छ । युरोप, अमेरिका र अरू धेरै देशमा शनिबार र आइतबार गरी दुई दिन बिदा हुन्छ । इजिप्टमा हामीलाई चाहिँ शुक्रबार र आइतबार दुई दिन छुट्टी हुन्थ्यो । शनिबारचाहिँ स्कुल जानुपथ्र्यो ।

स्कुल कडा थियो, पढाइ पनि राम्रो । हाम्रो क्लासमा जम्मा १० जना विद्यार्थी हुन्थे । त्यसैले पनि त्यो इजिप्टका आमस्कुलभन्दा फरक थियो । अरू स्कुलमा ४०/५० जना विद्यार्थीलाई एउटा कक्षामा राखिन्थ्यो । हामीले पढ्ने प्रायः सबै विषय अंग्रेजीमा हुन्थे । अंग्रेजी स्कुल भए पनि इजिप्टलाई मिल्ने खालका नै पाठ्यक्रम थिए । भूगोलजस्ता विषयहरू चाहिँ विदेशका बारे थिए । बीजगणित, बायोलोजी, इतिहास र भूगोल मलाई मनपर्ने विषय थिए ।

स्कुलमा मनाएको इस्टर, क्रिस्मस, इद र रमादानको मलाई सम्झना छ । चर्चमा गएर हामी गाउँथ्यौं, प्रार्थनाचाहिँ गर्दैनथ्यौं । निकै धुमधामले मनाइन्थ्यो । त्यसैले गर्दा होला मलाई अहिले पनि क्रिस्मस रमाइलो लाग्छ । तर त्यतिबेलाको एउटा घटना म सम्झिमन्छु । मेरो पछाडि चौरमा खेलिरहेको एकजना साथीले केही नराम्रो बोलेको थियो, हाम्रो शिक्षिकालाई लागेछ- मैले नै बोलेको हुँ । उहाँले मलाई चड्कन हान्नुभयो । आफूले नगरेको कामको लागि पाएको यो सजायका लागि मैले उहाँलाई कहिल्यै माफ गरिनँ ।

युनिसेफले नेपालका स्कुललाई बालबालिका मैत्री बनाउन सघाउ पुर्‍याएको छ । यही कामको सिलसिलामा मैले नेपालका दुर्गम भेगका धेरै स्कुल देखेको छु । ती स्कुलमा आधारभूत भौतिक सुविधाको पनि अभाव छ । शिक्षकको पनि कति ठाउँमा अभाव छ । काठमाडौंजस्ता सहरी क्षेत्रका ठूला स्कुलहरूचाहिँ मैले पढेका स्कुलहरूजस्तै छन् ।

उतिबेला र अहिलेको तुलना गर्न निकै गाह्रो छ । त्यतिबेला सजाय दिएर पढाउने चलन थियो । हो, विद्यार्थीलाई अनुशासनमा राख्नुपर्छ । म पनि विद्यार्थी र सबै मानिस अनुशासित हुनुपर्छ भन्ने मान्यता

राख्छु । तर त्यसका लागि शारीरिक सजाय दिने चलन नेपालमा अझै विद्यमान् रहेछ । योचाहिँ दुःखको कुरा हो । विद्यार्थीलाई सजाय नदिईकनै पढाउनुपर्छ भन्ने मलाई लाग्छ ।

स्कुलमा हँुदा हामी खुब पौडी खेल्थ्यौं । हामी पौडीमा राष्ट्रिय च्याम्पियन थियौं । मेरी बहिनीले चाहिँ पछि ओलम्पिकमा पनि भाग लिइन् । मचाहिँ पौडीपछि घोडचढीतिर पनि लागें, कराँते पनि खेलें । हामी कायरोमा चिनिएका अनुहार थियौं । कतै बाहिर सडकमा जाँदा मानिसहरू चिनिहाल्थे ।

तर हामीलाई बाहिरफेरो जाने त्यति धेरै मौका मिल्थेन । घरमा अलि कडा नियम थियो । हामी पारिवारिक पिकनिकमा जान्थ्यौं । नाइल नदीमा जान्थ्यौं । समुद्र किनारमा छुट्टी मनाउन जान्थ्यौं । घरमा जन्मदिनको पार्टीहरु गथ्र्यौं ।

साथीहरूसँग खेल्न बाहिर जाने कल्पना पनि हामी गर्थेनौं । किशोरावस्थामा धेरैले विपरीतलिंगी साथी बनाउँछन् । हामीचाहि हरेक दिन बिहान दुई घन्टा र स्कुलपछि बेलुका दुई घन्टा गरी चार घन्टा पौडी खेल्थ्यौं । पौडीमा सर्वोत्कृष्ट बन्ने धुनमा हामीले अरू धेरै कुरामा ध्यान दिएनौं । सायद खेलकुदमा व्यस्त बनाएर हामीलाई नजानिँदो गरी नियन्त्रण गर्ने बुवाको यो उपाय थियो होला ।

नेपालमा जस्तै इजिप्टमा पनि आफ्ना छोराछोरीलाई डाक्टर वा इन्जिनियर बनाउने इच्छा हुन्थ्यो । मेरो बुवा पनि मलाई डाक्टर बनाउन चाहनुहुन्थ्यो । म आर्कियोलोजी पढ्न चाहन्थें । तर पछि मैले राजनीतिशास्त्र पढें । त्यसपछि चाहिँ मेरो करिअर नै बेग्लै भयो ।

- शरद चिराग

**प्रकाशित मिति:** २०७० श्रावण २० ११:०५

तपाईंको प्रतिकृया

| कृपया' * चिन्ह भएको विवरण अनिवार्य रूपमा भर्नुहोला । | |
|---|---|
| * पूरा नाम | |
| * ठेगाना | |
| * ईमेल ठेगाना | |

विज्ञापन



* प्रतिकृया

* क्याप्चा [ यदि क्याप्चा प्रष्ट नभएमा त्यसमा एकचोटि क्लिक गर्नुहोस् ]

बुझाउनुहोस्

**नोट:** Comments containing abusive words or slander shall not be published.

प्रतिकृया



Copyright 2001 - 2012 © eKantipur